नेपाल सरकार
# प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

पत्र संख्या:-
चलानी नं. :-

## विज्ञप्ति

माननीय प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाज्यूले नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेश सभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभाको सदस्यलाई बागमती प्रदेशको मुख्यमन्त्री पदमा नियुक्ति गर्ने प्रयोजनका लागि मिति २०८३।०५।०४ गते बिहीबारका दिन अपरान्ह ०४:०० बजेभित्र दावी पेश गर्न आह्वान गर्नुभएको छ।

सोही आह्वान बमोजिम मिति २०८३।०५।०३ गते प्रदेश सभाका सदस्य माननीय किरण थापा मगरज्यूलाई बागमती प्रदेशको मुख्यमन्त्री पदमा नियुक्ति गर्न नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी (नेकपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी समेत ३ (तीन) वटा दलका समर्थन सहितको निवेदन प्राप्त भएको छ।

नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम बागमती प्रदेश सभा सदस्य माननीय किरण थापा मगरज्यूको मिति २०८३ साल भाद्र ०४ गते, बिहीबार अपरान्ह ०४:०५ बजे बागमती प्रदेशको मुख्यमन्त्री पदमा नियुक्ति हुने कार्यक्रम रहेको र शपथ ग्रहण समारोह मिति २०८३ साल भाद्र ०४ गते बिहीबार दिनको ०४:२० बजे सुरु हुने व्यहोरा जानकारी गराईन्छ। साथै समारोहमा उपस्थित हुनुहुने महानुभावहरुले औपचारिक पोशाकमा उपस्थित भइदिनुहुन अनुरोध छ।

२०८३।०५।०४

(डा. अर्जुन आचार्य)
शाखा अधिकृत

२०८३ साल भाद्र ०४ गते, बिहीबार
ने.सं. ११४६ गुंलाथ्व: अष्टमी

☎: ०५७-५२४९६९ @ : ocsbagamati@gmail.com :ocs.bagamati.gov.np